म— को हुँ म
म कोही होइन
म कोही पनि हुन सक्छु

--

म *कुन्टुज्याङ्पो** हुँ जो देखिन्न हेर्दा
म त्यो लय हुँ जो सुनिन्न सुन्दा
म त्यो सत्य हुँ जसलाई बुझिँदैन जकडेर जबर्जस्ती
म त्यो ऊर्जा हुँ जो छेकिँदैन छेकेर कहिल्यै

मलाई चिन्नु हुन्छ ?
म कोही पनि होइन

--

म बिचारहरुबिचको (आदिम ) स्थान हुँ
म कष्टकर क्षणहरुबिचको आनन्द हुँ
म डरहरुबिचको आत्मविश्वास हुँ
म युद्धै-युद्धबिचको शान्ति हुँ

मलाई चिन्नु हुन्छ ?
म कोही पनि हुन सक्छु

--

म त्यो प्रकाश हुँ जसले अन्धकारलाई देख्दछ
म त्यो करुणाको कान हुँ जसले कष्टलाई सुन्दछ
हृदयको त्यो न्यानोपन हुँ म जसले हर्षका फूलहरु फुलाउँदछ
मष्तिस्कको त्यो ऊर्जा हुँ म जसले अरुलाई लाभान्वित बनाउँदछ

मलाई चिन्नु हुन्छ ?
म कोही पनि होइन

--

म— म हर कुराको उद्‌गम हुँ
असीम आकाशको विस्तार हुँ म
म त्यो चम्किलो प्रकाश हुँ जो सर्वब्याप्त छ
म त्यो पवन हुँ जसले जीवनमा प्राण भर्दछ
म त्यो आगो हुँ जसले जीवनलाई सजीव बनाइराख्दछ

मलाई चिन्नु हुन्छ ?
म कोही पनि हुन सक्छु

--

म त्यो शरण हुँ जो तपाइँभित्र पर्खन्छ
म त्यो मुल्य हुँ जो अनायास प्रकट हुन्छ
म त्यो शक्ति हुँ जो स्वयं उठाउँछ शिर - निरन्तर
त्यो सक्रियता जो करुणाले पुर्याउँछ लाभ अरुलाई

मलाई चिन्नु हुन्छ ?
म कोही पनि होइन

--

म ती आमा हुँ जो (निस्वार्थ) माया गर्छिन्
म त्यो साथी हुँ जसलाई विश्वास गर्न सकिन्छ
म त्यो शक्ति हुँ जसले शत्रुहरुबाट बचाउँछ

मलाई चिन्नु हुन्छ ?
म कोही पनि हुन सक्छु

--

म घर हुँ तपाइँका निम्ति जसको कुनै घर छैन
म साथी हुँ तपाइँका निम्ति जो बिलकुल एक्लो हुनुहुन्छ
म शक्ति हुँ तपाइँका निम्ति जो निर्बल हुनुहुन्छ
म धन हुँ तपाइँका निम्ति जो दीन-दुखी हुनुहुन्छ

म त्यो दर्पण हुँ जसमा तपाइँ आफूलाई देख्नुहुन्छ
मलाई ... चिन्नुहुन्छ ?

--

म— को हुँ म
म कोही होइन
म कोही पनि हुन सक्छु

--

*कुन्टुज्याङ्पो* — आदिम बुद्ध जसलाई अनन्त अस्तित्वको पवित्र स्वरुप मानिन्छ (संस्कृतमा *समन्ताभद्र* र तिब्बती भाषामा *कुन्टुज्याङ्पो*)।

- अबाबा (तेन्जिन वाङ्याल)
  सेप्टेम्बर २४, २०१९

- अङ्ग्रेजी अनुवाद: तेन्जिन वाङ्याल र स्टिभन गुड्मन
  सेप्टेम्बर २९, २०१९
  क्याफे लेइला, बर्केले, क्यालफोर्निया

- नेपाली अनुवाद: हरीश अधिकारी
  अक्टोबर १९, २०२०
  धुलिखेल, काभ्रे